NIFRA
नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड
समृद्ध नेपालको लागि

पत्र संख्या : NIFRA-RISK-82-83-229

मितिः २०८२/०७/२३

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरवार, काठमाण्डौं, नेपाल ।

विषयः त्रैमासिक प्रतिबेदन र प्रगति विवरण सम्बन्धमा ।

महोदय,

प्रचलित धितोपत्र सूचीकरण विनियमावली, २०७५ को परिच्छेद ६ को नियम २२(ख) र तहाँसंग भएको सम्झौता बमोजिमको, २०८२ साल असोज मसान्त (पहिलो त्रैमास) को त्रैमासिक प्रतिवेदन र प्रगति विवरण यसैसाथ पेश गरिएको व्यहोरा अनुरोध छ ।

भवदीय,

Nepal Infrastructure Bank Ltd. ★ Kathmandu

.....

श्रीदेवी पौड्याल

वरिष्ठ अधिकृत-जोखिम व्यवस्थापन विभाग

बोधार्थः-

श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग वालुवाटार, काठमाण्डौं ।

नत्थी :

प्रचलित धितोपत्र सूचीकरण विनियमावली, २०७५ र तहाँसंग भएको सम्झौता बमोजिमको त्रैमासिक प्रतिवेदन र प्रगति विवरण ।

Nepal Infrastructure Bank Limited
Krishna Tower, Baneshwor, Kathmandu, Nepal
Tel: 01 4790818, 4794002
www.nifrabank.com | Email: info@nifrabank.com

कोष व्यवस्थापन कम्पनी लिमिटेडको
नवौं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशन मिति: २०८२/०७/१६ गते)

आदरणीय शेयरधनी महानुभावहरु,

यस कोष व्यवस्थापन कम्पनीको सञ्चालक समितिको मिति २०८२/०७/१३ मा बसेको बैठक नम्बर ३८० को निर्णयानुसार यस कम्पनीको साधारण सभा निम्न लिखित स्थान, मिति र समयमा निम्न विषयहरु उपर छलफल गर्न बस्ने भएकोले सबै शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध छ।

साधारण सभा हुने मिति, स्थान र समय:

मिति: २०८२/०८/२० गते (शनिवार)
स्थान: कृषि विकास बैंक लिमिटेड मुख्य कार्यालयको सभाहल, रामशाहपथ, काठमाण्डौ।
समय: बिहान ११:३० बजे।

छलफलका विषयहरु:

(क) सामान्य प्रस्ताव

१. आ. व. २०८१/८२ को संचालक समितिको वार्षिक प्रतिवेदन माथी छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात र आ.व २०८१/८२ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत वार्षिक विवरण लगायत वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने।
३. संचालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०८१/८२ को लागि चुक्ता पूँजीको १०.५२६३% का दरले हुन आउने रु. ३२६८२०५।६२ (अक्षरेपि: बत्तीस लाख अठसाठी हजार दुई सय पाँच र पैसा बासाठी मात्र) बराबरको नगद लाभांस (लाभांस कर समेत) वितरण गर्न स्विकृति प्रदान गर्ने।
४. आर्थिक वर्ष २०८२/८३ को लागि महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षक नियुक्तिको लागि परामर्श प्राप्त हुने लेखापरीक्षकलाई यस कम्पनीको लेखापरीक्षकमा नियुक्ति गर्ने तथा पारिश्रमिक र सेवा शर्त तोक्ने।
५. संचालक समितिको गठन गर्ने।

(ख) विशेष प्रस्ताव

१. कम्पनीको प्रबन्धपत्र र नियमावली संशोधन सम्बन्धमा।

(ग) विविध

द्रष्टव्य:

१. कम्पनीको नवौं वार्षिक साधारण सभाको प्रतिवेदन यस कम्पनीको कार्यालय काठमाण्डौबाट प्राप्त गर्न सकिने छ। कम्पनीको कार्यालयमा उपस्थित हुन नसक्ने आदरणीय शेयरधनी महानुभावहरुले कम्पनीको वेभसाइट https://www.fmcl.org.np मा वार्षिक प्रतिवेदन प्राप्त गर्न सक्नुहुनेछ।
२. साधारण सभामा उपस्थित हुँदा शेयरधनी महानुभावहरुले शेयर प्रमाण-पत्र वा परिचय खुल्ने परिचयपत्र अनिवार्य रुपले ल्याउनु हुन अनुरोध गरिन्छ।
३. साधारण सभा हुने दिन तोकिएको समयमा उपस्थित भई दिनु हुन अनुरोध छ। उक्त दिन बिहान १०:०० बजेदेखि शेयरधनी उपस्थिति पुस्तिका खुल्ला गरिने छ।
४. साधारण सभा सम्बन्धी अन्य कुनै थप जानकारी चाहिएमा यस कम्पनीको कार्यालयमा वा टेलिफोन नं. ९८४१३७१९६५ वा ९८५५०५९६२८ मा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव
कोष व्यवस्थापन कम्पनी लिमिटेड

मेटलाइफसँगको सहकार्यमा एनसेलको 'डाटासँगै जीवन बीमा'

काठमाडौं (अस)। एनसेल र मेटलाइफ नेपालको साझेदारीमा 'डाटासँगै जीवन बीमा' नामक एक नवीन योजना शुरू भएको छ। यो सेवा लिने ग्राहकले मोबाइल डेटाका साथै जीवन तथा घातक रोगको बीमा एकैसाथ पाउनेछन्। नेपालमै पहिलोपटक शुरू भएको यो सेवाअन्तर्गत एनसेलका ग्राहकले दुई विशेष प्याकेजमध्ये कुनै एक रोजेर बीमाको फाइदा लिन सक्नेछन्, जसमा डेटा प्रयोगसँगै बीमा सुविधा पनि प्राप्त हुनेछ।

दुई प्याकेजमा पहिलोमा करसहित रू. ९९ को प्याक रहेको छ। ३ दिन समयसीमा रहेको यो प्याकमा १०० एमबी डेटा, रू. २ लाख बराबरको म्यादी जीवन बीमा र रू. २ लाख बराबरको घातक रोग बीमा समावेश छ। यो बीमा सुविधा प्याक खरीद गरेको मितिबाट ३० दिनसम्म मान्य रहने बताइएको छ। दोस्रोमा रू. ३९ को प्याक रहेको छ। यो प्याकमा ग्राहकले ३ दिनका लागि १०० एमबी डेटा, रू. ५० हजार बराबरको म्यादी जीवन बीमा र रू. ५० हजार बराबरको घातक रोग बीमा पाउनेछन्। यो बीमा सुविधा पनि प्याक खरीद गरिएको मितिबाट ३० दिनसम्म मान्य रहने कम्पनीले जानकारी दिएको छ।

ग्राहकले एनसेल एपमार्फत आफूलाई मनपर्ने प्याक छानी, बीमाका लागि एउटा फाराम भरेर सजिलै यी दुई मध्ये एक प्याक लिन सक्नेछन्। यी प्याक ८१२३८४८६३ डायल गरेर पनि लिन सकिने बताइएको छ। प्याक लिएका ग्राहकको टर्म लाइफ इन्स्योरेन्स फारम बुझाउने बित्तिकै शुरू हुने र क्रिटिकल इलनेस (गम्भीर रोग) कभरेज ३० दिनको प्रतिक्षा अवधिपछि सक्रिय हुने एनसेलले जानकारी दिएको छ।



यो साझेदारीले एनसेल प्रयोगकर्ताका लागि बीमा पहुँच सहज बनाउने लक्ष्य राखिएको छ। सुलभ शुल्क, पूर्ण डिजिटल प्रक्रिया र प्रभावकारी बीमा सुविधासहितको 'डाटासँगै जीवन बीमा' योजनाले नेपालको वित्तीय समावेशिता र सामाजिक सुरक्षातर्फको यात्रामा महत्वपूर्ण यात्रा शुरू गरेको एनसेलको भनाइ छ।

नाव्या एड्भाइजर्स लिमिटेड

NAVYA ADVISORS

उत्तरढोका, लाजिम्पाट-०२, काठमाण्डौं, नेपाल
फोन नं.०१-४५४३६८०, ईमेल: info@navyaadvisors.com

चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८२/०७/२१)

यस कम्पनीको मिति २०८२/०६/३० गते बसेको सञ्चालक समितिको ऐक्काईस (२१) औं बैठकको निर्णयानुसार निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरुमा छलफल गर्नको लागि कम्पनीको चौथो वार्षिक साधारण सभा बोलाईएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार शेयरधनी महानुभावहरु लाई जानकारी गराउँदै उल्लेखित सभामा उपस्थित भइदिनुहुन हार्दिक अनुरोध गर्दछु।

१. मिति, समय र स्थान :

मिति : २०८२ साल मंसिर महिना १२ गते, शुक्रबार (तद्नुसार २८ नोभेम्बर, २०२५)
समय : दिउसो ०३ बजे
स्थान : माया मनोर बुटिक होटेल, हात्तिसार, काठमाडौं, नेपाल

२. छलफलका विषयहरु :

क) सामान्य प्रस्ताव :

१. आ. व. २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ. व. २०८१/८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण स्वीकृत गर्ने।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ. व. २०८२/८३ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

ख) विशेष प्रस्ताव :

१. कम्पनीको चुक्ता पूँजी वृद्धि गरी रु. ५,००,००,०००/०० (अक्षरेपी: पाँच करोड) मात्र पुऱ्याउने।
२. विशेष प्रस्ताव नं. १ पारित भए बमोजिम हुने गरी कम्पनीको प्रबन्धपत्रको दफा ६ को (क), (ख) र (ग) संशोधन स्वीकृत गर्ने तथा प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै फेर बदल वा थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम आवश्यक समायोजन गर्न सञ्चालक समिति (वा समितिले तोकेको व्यक्ति) लाई अख्तियारी प्रदान गर्ने।
३. नाव्या एड्भाइजर्स लिमिटेड र अन्य कुनै उपयुक्त संस्था एक आपसमा गाभ्न/गाभिन वा नाव्या एड्भाइजर्स लिमिटेडले अन्य कुनै उपयुक्त संस्था लाई संग प्राप्ति गर्न हुन तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा संस्थाको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कनकर्ता नियुक्त गर्न, निजको पारिश्रमिक तोक्न, गाभ्ने/गाभिने वा प्राप्ति गर्ने/हुने सम्बन्धी सम्झौता गर्न, वैदेशिक साझेदारीमा जाने सम्बन्धी निर्णय गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने।

ग) विविध

सञ्चालक समितिको आज्ञाले

Unaudited Financial Results (Quarterly)
1st Quarter ended of Fiscal Year 2082/83

NPR. in '000'

Statement of Financial Position	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Quarter Ending
Assets			
Cash and Cash Equivalent	47,823	85,478	55,195
Due from NRB	162,277	221,518	226,455
Placements with BFIs	5,060,000	4,710,000	3,260,000
Loan and Advances	26,184,367	24,947,980	21,958,616
Investments Securities	10,451,643	11,504,721	4,105,803
Investment in Subsidiaries and Associates	-	-	-
Property and Equipment	54,947	59,230	71,442
Goodwill and intangible Assets	494	530	1,589
Other Assets	49,478	21,062	329,843
Total Assets	**42,011,029**	**41,550,519**	**30,008,943**
Capital and Liabilities			
Paid up Capital	21,600,000	21,600,000	21,600,000
Reserves and surplus	4,312,600	4,165,341	3,321,958
Deposits	7,819,665	7,689,896	2,049,639
Borrowings	-	-	-
Bond and Debenture	7,267,096	7,266,321	2,283,013
Other liabilities and provisions	1,011,668	828,961	754,333
Total Capital and Liabilities	**42,011,029**	**41,550,519**	**30,008,943**

Statement of Profit or Loss	Up to this Quarter	Up to Previous Quarter	Up to Corresponding Previous Year Quarter
Interest income	621,865	2,470,003	622,262
Interest expense	248,771	569,160	59,651
Net interest income	**373,094**	**1,900,843**	**562,610**
Fee and commission income	12,753	21,150	13,654
Fee and commission expense	13	53	20
Net fee and commission income	**12,740**	**21,097**	**13,634**
Other operating income	-	-	-
Total operating income	**385,834**	**1,921,940**	**576,245**
Impairment charge/(reversal) for loans and other losses	12,272	(183,364)	(21,076)
Net operating income	**373,562**	**2,105,304**	**597,321**
Personnel expenses	52,193	266,892	72,782
Other operating expenses	23,054	71,828	23,272
Operating profit	**298,315**	**1,766,584**	**501,267**
Non-operating income/(expense)	55	(164)	21
Profit before tax	**298,370**	**1,766,420**	**501,288**
Income tax	89,830	532,415	150,386
Profit /(loss) for the period	**208,540**	**1,234,005**	**350,902**
Other comprehensive income	(61,282)	8,536	49,350
Total comprehensive income	**147,258**	**1,242,541**	**400,252**
Distributable Profit			
Net profit/(loss) as per profit or loss	208,540	1,234,005	350,902
Add/Less: Regulatory adjustment as per NRB Directive	(33,125)	18,640	(114,693)
Free profit/(loss) after regulatory adjustments	**175,415**	**1,252,645**	**236,208**
Ratios			
Capital fund to RWA	76.21%	78.23%	87.16%
Non-performing loan (NPL) to Total loan (As per NRB Directive)	-	-	0.07%
Total loan loss provision to Total NPL (As per NRB Directive)	-	-	-
Cost of Funds	6.34%	6.51%	7.75%
Credit to Deposit Ratio (As per NRB Directive)	67.09%	65.25%	79.25%
Base Rate	6.80	6.97	-
Basic Earnings Per Share	3.86	5.71	6.50
Diluted Earnings Per Share	3.86	5.71	6.50

Notes

1. The Bank has approved Loan amounting NPR. 45,422 million as of Ashwin end, 2082 and the drawdown of the loan shall be as per disbursement schedule.
2. Bank has started the practice of publishing base rate from Magh 2081. Average base rate for last three month is 6.88%.
3. The Financial Statement has been prepared in accordance with the Interim Financial Reporting format provided in NRB Direction no. 04, NFRS 9- Expected Credit Loss Related Guidelines, 2024 and the principles and policies adopted by the Bank in accordance with NFRS. Further the bank has measured impairment loss on Loans and Advances as per norms prescribed by Nepal Rastra Bank for loan loss provision provided in NRB Direction no. 02, being higher of amount prescribed by Nepal Rastra Bank for loan loss provision and the amount determined as per NFRS 9.
4. Previous period figures have been regrouped/rearranged/restated wherever necessary.
5. The above figures are subject to change as per the direction of the Regulator/ External auditor.
6. The Financial Results has been published in the Bank's website- www.nifrabank.com.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १४ बमोजिमको विवरण
(नियम २६ को उपनियम १ सँग सम्बन्धित)

१. वित्तीय विवरण

क) बैंकको आ.व. २०८२/८३ को पहिलो त्रैमासको वित्तीय विवरण यसै साथ प्रकाशित गरिएको छ।
ख) प्रमुख वित्तीय अनुपातहरु

प्रति शेयर आम्दानी (रु)	३.८६	प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु)	१९४.५०
मूल्य आम्दानी अनुपात	६८.४६	तरलता अनुपात (%)	१२८.२९
प्रति शेयर नेटवर्थ (रु)	११९.९७	सम्पत्तिमा प्रतिफल (%)	१.९९
इक्विटिमा प्रतिफल (%)	३.२२	औसत ईन्द्र (%)	६.१३

२. व्यवस्थापकिय विश्लेषण

क) समिक्षा अवधिमा बैंकले स्वीकृत गरेको परियोजनाहरुमा आवधिक अनुगमन गर्दै थप कर्जा प्रवाह गर्ने क्रम जारी राखेको छ। साथै थप परियोजनाहरु पनि विश्लेषणका अवस्थामा रहेका छन्।
ख) बैंकले निजि-सार्वजनिक साझेदारी अन्तर्गत निर्माण गर्ने सम्भाव्यता रहेको शहरी पूर्वाधार, औद्योगिक पूर्वाधार र उर्जाका परियोजनाहरुमा SPV model मा लगानी गर्न सरोकारवाला सँगको छलफल र अध्ययनको कार्य अगाडी बढाएको छ।

३. कानूनी कारवाही सम्बन्धी विवरण

क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्था विरुद्ध कुनै मुद्दा दायर भएको भए।
- हालसम्म बैंक विरुद्ध कुनै मुद्दा दायर नभएको।
ख) संगठित संस्थाको संस्थापक वा संचालकले संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा दायर मुद्दा।
- यस सम्बन्धि बैंकमा कुनै जानकारी प्राप्त नभएको।
ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए।
- यस सम्बन्धि बैंकमा कुनै जानकारी प्राप्त नभएको।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण

समिक्षा अवधिमा शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्य, कुल कारोबार भएको दिन र कुल कारोबार भएको संख्या र शेयर विवरण देहाय बमोजिम रहेको छ।

अधिकतम मूल्य (रु.)	३२८।१०	कुल कारोबार दिन	५१
न्यूनतम मूल्य (रु.)	२४९।९०	कुल कारोबार संख्या	६६,०७१
असोज मसान्तको अन्तिम मूल्य (रु.)	२६४।४०	कुल कारोबार शेयर संख्या	१७,१६९,६५४

५. समस्या तथा चुनौती

क) आन्तरिक समस्या तथा चुनौती
- बैंकको सम्पत्ति तथा दायित्वको बेमेलका कारण उत्पन्न हुने जोखिमको व्यवस्थापन।
- बजारको ब्याजदरमा हुने उतारका कारण खुद ब्याज आम्दानीमा आउने कमिको व्यवस्थापन।

ख) बाह्य समस्या र चुनौती
- राजनैतिक अस्थिरता तथा व्यवसायीहरुको आत्मविश्वासमा ह्रास।
- अर्थतन्त्रमा आएको मन्दीका कारण पर्याप्त संख्यामा थप परियोजनाहरुका अवसरहरु नहुनु।
- नयाँ परियोजनाहरुको लगानीमा बैंक तथा वित्तीय संस्थाहरु बीच तीव्र प्रतिस्पर्धा।

ग) रणनीति
- ऋण उपकरण र निक्षेप मार्फत स्रोत संकलन एवं पूर्वाधारको सार्वजनिक र निजी परियोजनाहरुमा गरिने कर्जा लगानीमा विविधिकरण।
- आयआर्जन गर्ने नयाँ क्षेत्रहरु विस्तार तथा ऋण उपकरण मार्फत लगानीको स्रोत परिचालनमा जोड।
- प्रदेश र स्थानीय सरकार सहितको संलग्नतामा पूर्वाधारको परियोजनाहरुको पहिचान गर्दै सोमा निजि क्षेत्रको लगानी प्रवर्द्धन गर्ने।
- समग्र जोखिम व्यवस्थापनको आधारभूत पक्षहरुलाई सबलिकरण गर्ने।

६. संस्थागत सुशासन

- बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३, नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएका निर्देशन तथा परिपत्रहरुको पूर्ण रुपमा पालना गरिएको छ। संस्थागत सुशासनलाई सदैव उच्च प्राथमिकतामा राखी आएको र संस्थागत सुशासन सम्बन्धी निर्देशन तथा परिपत्रहरुको अक्षरस पालना गरिएको छ।
- आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्न लेखापरीक्षण समिती (Audit Committee), जोखिम व्यवस्थापन समिती (Risk Management Committee) र सम्पत्ति शुद्धिकरण निवारण समिती (AML/CFT Committee) गठन गरिएको छ। साथै, नेपाल राष्ट्र बैंक, बाह्य तथा आन्तरिक लेखापरीक्षकबाट दिईएका सुझाव तथा निर्देशनहरुलाई कार्यान्वयन गराउनुका साथै आन्तरिक नियन्त्रण प्रणालीलाई अझ सुदृढ बनाउन व्यवस्थापनलाई सल्लाह र सुझावहरु निरन्तर रुपमा प्रदान गरिएको छ।
- कारोबारलाई छिटो, छरितो, चुस्त तथा वैज्ञानिक बनाउन तथा अन्य आवश्यक रणनीति तय गर्न व्यवस्थापन समिती (MANCOM), सम्पत्ती/दायित्व व्यवस्थापन समिती (ALCO) र व्यवस्थापन स्तरको कर्जा समिती (Management Credit Committee) लगायतका विभिन्न समितिहरु क्रियाशील रहेका छन्।
- नियमक निकायहरुबाट प्राप्त हुने निर्देशन, नेपाल राष्ट्र बैंकको स्थलगत निरिक्षण प्रतिवेदन, आन्तरिक तथा बाह्य लेखापरीक्षण प्रतिवेदनमा औंल्याईएका सुझाव तथा निर्देशनहरुलाई यस बैंकले सदैव पालना गर्दै संस्थागत सुशासनलाई पहिलो प्राथमिकतामा राखि काम कारवाही अगाडी बढाउन बैंकका संचालक समिती र व्यवस्थापन प्रतिबद्ध रहेका छन्।

७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् तथा लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन।

NIFRA
Nepal Infrastructure Bank Ltd.
समृद्ध नेपालको लागि
नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त पूर्वाधार विकास बैंक)

Krishna Tower, Baneshwor, Kathmandu, Nepal
Tel: 977-01-4794197/4790818
www.nifrabank.com
Email: info@nifrabank.com

रोटरी क्लब अफ मातृभूमिको आयोजनामा आवासीय डिजी भिजिट



काठमाडौं (अस)। रोटरी क्लब अफ मातृभूमि बालुवाटारले रोटरी इन्टरनेशनल डिस्ट्रिक्ट ३२९२ को इतिहासमै पहिलो पटक आवासीय शैलीको डिस्ट्रिक्ट गभर्नर (डिजी) भिजिट कार्यक्रम गरेको छ। सो अवसरमा डिस्ट्रिक्ट गभर्नर विनोद कोइराला प्रमुख आतिथि थिए। साथै कार्यक्रममाई एसिस्टेन्ट गभर्नर महेन्द्रराज भुसाल, डिस्ट्रिक्ट सेक्रेटरी अनिश बज्राचार्य, ज्वाइन्ट डिस्ट्रिक्ट सेक्रेटरी अर्जुन श्रेष्ठ, डिस्ट्रिक्ट अफिसियल तथा अन्य क्लबका प्रतिनिधिहरू उपस्थित थिए।

औपचारिक कार्यक्रमअघि आयोजक क्लबले 'बेसिक एजुकेशन एण्ड लिटेरेसी' क्षेत्र केन्द्रित सेवा परियोजनाअन्तर्गत लड्केश्वर आधारभूत विद्यालयका विद्यार्थीलाई न्यानो कपडा वितरण गरिएको थियो। क्लबका अध्यक्ष निर्मल ढकालले रोटरी केवल सहयोगको संस्था नभई मानवीय भावनाको मञ्च भएको बताए।

कार्यक्रममा क्लबको प्रगति, आगामी योजना र विभिन्न क्षेत्रका उपलब्धि प्रस्तुत गरिएको थियो। डिस्ट्रिक्ट गभर्नर कोइरालाले मातृभूमि बालुवाटारको सक्रियता, सृजनशीलता र सहकार्यप्रतिको दृष्टिकोणको प्रशंसा गरे। कार्यक्रममा सहभागी रोटरी क्लब अफ गोरखुका अध्यक्ष राजाराम फुयालले क्वलहरूले सृजनशीलतासँगै प्रभावकारितामा ध्यान दिनुपर्ने बताए।

राहदानीको विषय समाधान उन्मुख

काठमाडौं। परराष्ट्र मन्त्रालयले हाल सेवाग्राहीको उच्च मागअनुसार राहदानी पुस्तिका केही न्यून संख्या भएपनि यो विषय समाधान उन्मुख रहेको जनाएको छ। राहदानी पुस्तिका बाहिर प्रचारमा आएजस्तो अवस्थामा नरहेको मन्त्रालयले स्पष्ट पारेको हो। मन्त्रालयअन्तर्गतको राहदानी विभागले विद्युतीय राहदानी आपूर्तिका लागि नयाँ आपूर्तिकर्तासँग विसं २०८२ साउनमा खरीद सम्झौता गरिसकेको छ। उक्त सम्झौताअनुसार आगामी फागुन ११ गतेदेखि राहदानी सेवा सञ्चालन हुनेगरी पूर्वाधार तथा प्रणाली निर्माणसम्बन्धी कार्य तीव्र रूपमा भइरहेको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले भने, 'हामी अहिले नयाँ आपूर्तिकर्ता र हालको आपूर्तिकर्ताबीच हुने 'हेण्डओभर-टेकओभर'को सङ्क्रमणकालीन अवस्थामा छौं। नयाँ खरीद सम्झौताबमोजिम नयाँ सेवा प्रदायकले आगामी फागुन ११ गतेदेखि राहदानी उत्पादन प्रारम्भ गर्ने निश्चित भएको छ।'

विभागबाट प्रदान गरिने अत्यावश्यक राहदानी सेवा निरन्तर सञ्चालनमा रहने भएपनि अतिआवश्यक परेका आकस्मिक उपचार, तत्काल रोजगारी वा विदेशमा अप्ठ्यारोमा परेको अवस्थाका व्यक्तिले मात्र हाल राहदानीका लागि आवेदन प्रक्रिया अगाडि बढाउन मन्त्रालयले अनुरोध गरेको छ। साथै मन्त्रालयले यस्तो अवस्थामा सबैले धैर्य गरी सरकारलाई सहयोग पुऱ्याउन आग्रहसमेत गरेको छ।

हालको सङ्क्रमणकालीन अवस्थामा राहदानीको अभाव नहुने व्यवस्था गर्न आवश्यक कार्य भइरहेको बताउँदै प्रवक्ता क्षेत्रीले यही कात्तिक १७ गते साँझ ५ बजेदेखि दैनिक (सार्वजनिक बिदाको अघिल्लो दिन बाहेक) एक हजार जनाको आवेदन लिने व्यवस्था मिलाइएको जानकारी दिए। यसबाट हालको अत्यावश्यक माग पूरा गर्न सकिने मन्त्रालयको अपेक्षा छ। *रासस*